# १० परमेश्वरको मानिस हुनः आज्ञाकारी हुन अपरिहार्य

***यस अध्यायको निम्ति पढ्नुहोस्:*** प्रस्थान ३२, १ राजा १३:१-३४, दानियल ५:१३-१७, लूका १६:३१, यूहन्ना १५:२४, २ तिमोथी ४:३

***स्मरण गर्नुपर्ने पदः*** "सर्वप्रथम् तिमीहरूले यो कुरा बुझ्नै पर्छ। धर्माशास्त्र बाइबलमा लेखिएका कुनै पनि भविष्यवाणी अगमवक्ता अर्थात् परमेश्वरका प्रवक्ताका आफ्नै समझशक्तिले आएका होइनन्। अगमवक्ताले चाहेको अनुसार अगमवाणीहरू त्यसै कहिलै पनि आएका होइनन्। बरू, जब अगमवक्ताहरू बोले तब पवित्र आत्माले तिनीहरूलाई अगुवाई गर्नुभयो। त्यसकारण धर्मशास्त्र बाइबलमा भएका कुनै पनि पछि हुने कुराहरू परमेश्वरबाट नै आएका हुन्।" (२ पत्रुस १:२१,२२ रूपान्तरित)।

पुरानो करारमा रहेका सबभन्दा अनौठा कथा यस अध्यायमा अध्ययन गर्नेछौं। यस कथामाः परमेश्वरप्रति विरोधाभास भएका राजा, विषेश खानेकुरालाई वन्देज लगाउन निति तयार गर्ने अगमवक्ता, फतक्क फुटेको फुल झैं बेदि फुटेको, बुढो तर फटाहा अगमवक्ता र डरलाग्दो सिँह।

सोलोमन राजाको मृत्यु भइसकेपछि इस्रायल देश टुक्रिएको थियो। यहाँ प्रस्तूत गरिने सत्य कथा विभाजित राज्यका प्रथम् वर्षहरूमा घटेका हुन्। यो राजनैतिक र आत्मिकको तनावको समय थियो। यरोबोअम (जेरोबोअम्) तिनीहरूका अगुवा थिए । परमेश्वरकै सहमतीमा इस्रायलका दश जातीहरू रेहोबोमबाट छुट्टिएका थिए (१ राजा ११:२९-३९) रेहोबोम सोलोमनको छोरा दाउदका राजगद्दीका हकदार थिए। युद्धका आवाजहरू घन्किरहेका थिए। उत्तरी राज्यमा प्रचलनमा आएका मूर्ती अर्थात् नक्कली देवताको पूजाआजाको विरूद्धमा परमेश्वरले अगमवक्ता पठाएर विषेश सन्देश यरोबोअम राजाकहाँ पठाउनुभएको थियो। यहि मूर्ती पूजाले गर्दा उत्तरी राज्यको पतन हुनेवाला थियो।

अनाम अगमवक्ताको बारेमा कथा हो। यसमा आज्ञापालन गर्नु खेलबाडको विषय होइन भनेर उल्लेख गरेको पाउँछौं र साथै हाम्रो आज्ञापालनलाई परमेश्वरले गम्भिरतापूर्वक लिनुहुन्छ भनेर बुझ्नेछौं। घट्नाहरूलाई प्रस्तूत गर्ने क्रममा कतिपय जिज्ञासाहरूका जवाफ नपाऔंला, तर आज्ञापालन नगराउने कुनै पनि सुसमाचार असत्य सुसमाचार हो भनेर यस कथाले देखाउँदछ।

## १. धर्मको राजनिती (१ राजा १२:२५-३३)

सोलोमनको मृत्यु भएपछि उनको छोरा रेहोबोअम (रहबाम) राजा भए। उनले मानिसहरूलाई चिढाउने नराम्रो निर्णय गरेका थिए। सोलोमन राजाको त्रासदेखि भागेका मानिसहरूले रहबामसँग राहत खोज्न आएका थिए, तर राहतको सट्टा उनीहरूमा आहत थपिदिए। यसले गर्दा सोलोमनको राज्य दुई भागमा टुक्रिए। यरोबोअमले उत्तरी राज्यमा रहेको इस्रायलमा शासन गरे। रहबामले दक्षिणमा रहेको यहूदा राज्यमा शासन गरे (१ राजा १२)।

देश टुक्राभएर केहि समय आराम भएको लगत्तै यरोबाम राजाले उत्तरी राज्यलाई धेरै खतरापूर्ण बाटोमा लगे। इस्रायलीहरूलाई परमप्रभु सृष्टिकर्ता परमेश्वरबाट हटाएर नक्कली देवताहरू अर्थात् मूर्ती पुजा गराउने राजा यरोबामको मनशाय त थिएन। तर उनी शिर्फ राजनैतिक क्रियाकलापमा अग्रसर हुन चाहेका थिए। दान र बेथेल भन्ने ठाउँमा यरोबामले परमेश्वरको आराधाना गर्ने केन्द्रहरू बनाए। इस्रायलका मानिसहरूलाई सजिलो होस् भन्ने दावी उनले गरेका थिए। अब तिनीहरू माइलौं टाडा येरूशलेममा गएर परमेश्वरको मन्दिरमा पूजा गर्नुपरेन। राजाले बनाएका मन्दिरमा के राख्ने भन्दा सुनका बाच्छाहरू राख्ने निधो गरे। मानिसहरूलाई परमेश्वरको बारेमा सम्झना गराउनको निम्ति ती बाच्छाहरूका मूर्ती स्थापना गरेका थिए। यसले गर्दा साधारण मानिसहरूले परमेश्वरलाई विश्वास गर्न सजिलो हुन्छ भनेर उनले सोचेका थिए। अनि मानिसहरूले राजप्रति आकर्षक भइहाल्छ भनेर राजा दङ्ग परेका थिए। तर यस राजनैतिक कदमले मानिसहरूलाई परमेश्वरको दश आज्ञा (प्रस्थात २०:४,५) तोड्न उक्साएको थियो।

प्रस्थान ३२ र १ राजा १२:२५-३३मा रहेका सुनको वाच्छाको कथामा के समान कुराहरू पाउँछौं?

प्रचलित संस्कारमा मिल्न सृजनात्मक तरिकाले परमेश्वरको आराधाना गर्नु नराम्रो त होइन। तर हामी अत्यन्त सावधान हुनुपर्छ। परमेश्वरको स्पष्ट निर्देशनको खिलाफमा अलिकति हामी बाँगियौं भने त्यसले नराम्रो स्थिति पैदा गर्न सक्छ र त्यसबाट आउने नतिजा हाम्रो नियन्त्रण भन्दा बाहिर जानसक्छ। इस्रायलमा सुनको बाच्छोलाई पूजा गर्ने सिलसिलामा सारा राष्ट्र नै खुलेआम पाप गर्न उत्तेजना गराए। तर यरोबामले सुनको बाच्छोलाई स्थापना गरेर पुजा गराउनमा मात्र आफूलाई सिमित राखेनन्। उनले लेबी कूलका केहि मानिसहरूलाई नयाँ पूजाका स्थलहरूमा पूजारी हुन प्रोत्साहित गरे। तर परमेश्वरको निर्देशन बिपरित तिनीहरू पुजारी हुन नमानेपछि साधारण मानिसहरूलाई पुजारी नियुक्त गर्न राजा वाध्य हुनुपर्‍यो (२ राजा १२:३१,३२)। यसले पुजारीको पवित्रकाममा नै कलङ्क लगाउने काम हुन पुग्यो।

धर्मलाई उपयोग गरेर राजनैतिक बाहूल्यता स्थापना गर्ने यरोबामको कथाले प्रारम्भिक चर्चका इसाईहरूलाई चेतावनीसहित पाठ हुनुपर्थ्यो। तर यहि कुरा फेरि दोहरियो। सामाजिक र राजनैतिक कारणले गर्दा परमेश्वरका दश आज्ञाहरूलाई परिवर्तन गरियो। परमेश्वरप्रभु परमेश्वर नै सृष्टिकर्ता हुनुहुन्छ भन्ने चिनारी गर्ने सब्बथ दिनलाई वेवास्था गरियो, र त्यसको ठाउँमा आइतवारलाई नयाँ पवित्र दिन मानियो। यहूदीधर्मबाट चर्च छुट्टिन आइतवारलाई चुनेका थिए। सर्वसाधारणलाई विश्वासमा तान्न चर्चमा सन्तहरुका मूर्तीहरूको स्थापना गरियो। चाहे यरोबोआमको पालामा होस् चाहे प्रारम्भिक इसाई इतिहासमा होस्, जुन कुरालाई परिवर्तन गरिएको थियो, त्यो स्वत हटेन। आज पनि, चर्चको हैशियतले यरोबामको पालामा भएका त्यस्तै चुनौतिहरूको सामना हामीले गरिरहनुपरेको छ।

तपाईंले तपाईंको चर्चमा कस्तो खालाको धार्मिक प्रचलित दवाव खपिरहनुपरेको छ? तपाईंको समाजमा भएका सांस्कृतिक दवावले तपाईंलाई कतिको कमजोर बनाएका छन्? सानो कुरो त हो भनेर तपाईं सजिलैसँग त्यस्तो दवावमा फसिरहनुभएको त छैन?

## २. परमेश्वर चल्नुहुन्छ (१ राजा १३:१-६)

ती राजनैतिक चलखेलको बिचमा परमेश्वरले आफ्नो चाललाई अगाडि बढाउनुहुन्छ र अरूले उहाँलाई सुनोस् भनेर उहाँले अपेक्षा गर्नुहुन्छ। यहूदाका अगमवक्ताद्वारा परमेश्वर बोल्नुहुन्छ। एकदम नाटकिय अवस्थामा यो नाम नटोकिएको अगमवक्ता यरोबामकहाँ आइपुग्छ। परमेश्वरलाई बेदि समर्पण गर्ने समारोहमा यरोबोम बेदिको सामु उभिरहेका थिए। परमेश्वरले उचित समयमा आफ्नो कुरा सुनाउन चुन्नुभएको थियो। सबै गन्यमान्य व्यक्तिहरू त्यस समारोहमा उपस्थित भएको हुनुपर्थ्यो।

१ राजा १३:१-६ पढ्नुहोस्। के भइरहेको यी पदहरूले बताउँछन्? यस कथाबाट के पाठ हामीले सिक्नुपर्दछ?

अनाम अगववक्तालाई परमेश्वरका मानिस भनेर सम्वोधन गरिएको छ। परमेश्वरको सन्देश सुनाउने मानिसहरूलाई परमेश्वरको मानिस भनेर सम्वोधन गर्ने चलन थियो। मोसा (व्यवस्था ३३:१) र यलियालाई (१ राजा १७:१८) पनि यहि नामले सम्वोधन गरेको पाउँछौं। यसको अर्थ यस अनामी अगमवक्ता पुरानो करारका केहि महान् अगमवक्ताहरूसँग गनिएको पाउँछौं। हामी पाठक भएकोले उनीबाट महान् वचन सुन्ने अपेक्षा गर्नु स्वाभाविकै हो। त्यस परमेश्वरको मानिसले यरोबामले बनाएका बेदिको बिरूद्धमा चिच्याउँछन्। अनि उनले भविष्यवाणी बोल्छन्। भविष्यवाणीमा योशायाहको नाम किटानी गर्छन् (१ राजा १३:२)। यो अचम्मको छ, किनभने योशायाह त्यस भविष्यवाणी बोलेको तिनसय वर्षपछि जन्मेका थिए। यसले हामीलाई पर्सियाका राजा साइरसको बारेमा सम्झना गराउँछ। अगमवक्ता यशैयाले राजा साइरस दुई सय वर्ष अघि जन्मनुभन्दा अगावै उनको बारेमा भविष्यवाणी गरेका थिए (यशैया ४४:२८, यशैया ४५:१)।

परमेश्वरको वारेमा मानिसले दिएका सन्देशहरूमा के महत्वपूर्ण बुँदाहरू समावेश गरिएका छन् त? प्रथमतः त्यो बेदि बनाउनु नै परमेश्वरको व्यवस्थाको बिरोधमा थियो। परमेश्वरको जनले यो

भविष्यवाणी गर्छन् कि दाउदकै घरानाबाट जन्मिने योशायाहले त्यस बेदीलाई नाश गर्नेछ। राजा यरोबामले बनाएका वेदी कसैले नबिगारून भन्ने उनको चाहना थियो। दाउदको घरानाबाट जन्मेको कुनै पनि मानिसले उनको राज्यमा राज नगरून् भन्ने इच्छाले पुजा गर्ने केन्द्रहरू स्थापना गरिका थिए।

अनि भविष्यवाणीको दोश्रो भागले परमेश्वरको शक्तिको उदाहरण देखाउँछ। फेरी त्यहि वखतमा उनको भविष्यवाणी पूरो हुन्छ भनेर ठोकुवा गरेका थिए। सबैको अगाडि बेदी दुई टुक्रा हुन्छन्। जब प्रथम् सुनको वाच्छोलाई मरूभूमीमा इस्रायलीहरूले पुजा गर्दै थिए त्यसबेला मोसा दस आज्ञाका सिलापत्र हातमा लिएर पहाडबाट ओर्लन्दै थिए। त्यसबेला रिसले चुर भएर मोसाले दश आज्ञालाई भुँईमा बजार्दा टुक्रा टुक्रा भएको थियो। उपरोक्त घट्नालाई यरोबोआमको बेदी टुक्रा भएकोले सम्झना गराउँछन्।

यरोबोआमले इतिहासबाट पाठ सिकेको देखिन्दैन। एउटाको सट्टा दुईवटा कुनका वाच्छाहरू उसले बनाएका थिए। र अब, आफूले गरेको कामप्रति शोक हुनु र प्रायश्चित गर्नुको सट्टा राजाले परमेश्वरको मानिसलाई आफ्नो औंला औंल्याउँछन्। बाइबलको समयमा राजाले औला, छडी वा राजदण्ड औंल्याउँदा उसको शक्तिको प्रदर्शन गरेको र न्यायको शङ्केत गरेको भनेर देखिन्छ। परमेश्वरको मानिसलाई पकड्न यरोबामले चाहेको थियो। परमेश्वरको इच्छामा आफूलाई समर्पण गर्नुको साटो परमेश्वरको मानिसलाई वन्दी बनाउन यरोबाम चाहेको थियो। तर त्यत्तिक्कै बेला राजाको हात पक्षाघात हुन्छ। अनि राजाकै अनुरोधमा परमेश्वरको जनले प्रार्थना गरेर त्यो हात ज्युँका त्युँ बनाउँछन्।

यरोबाम जस्ता हठि मानिसलाई परमेश्वरले दया देखाउँदा उहाँको बारेमा हामी के बुझ्छौं? परमेश्वरले स्पष्ट रूपमा दोऱ्याइरहेको बेलामा पनि तपाईं कतिपटक आफ्नै ढिपीमा चल्नु भएको महशूस गर्नुभएको छ? यस्तो खालको मनस्थितिको परिणाम के भएको तपाईंले पाउनुभएको छ?

## ३. उपहार दिने दाता (लूका १६:३१)

यरोबामको हात फेरि सुघ्रिनु परमेश्वरको सदाशय र आश्चर्य काम थियो। उनको हात यसरी सुकेको थियो कि उनले हात तान्न पनि सकेको थिएन (१ राजा १३:४)। परमेश्वरको यस अचम्म कामले गर्दा राजा यरोबाम सार्वजनिक रूपमा आफ्नो पापको पछुताउ गर्ला भन्ने अपेक्षा गरिनु स्वभाविकै हो। तर आश्चर्य वा अचम्मको कामले मानिसको हृदय परिवर्तन हुन्छ भन्ने छैन। परमेश्वरले अचम्म तरिकाले हस्तक्षेप गरेर कुनै काम भयो भने पनि यो स्वाभाविक हो भनेर वाख्या गरेर कतिपय मानिसहरू पुरानै बानीमा फर्केको हामी पाउँछौं।

विश्वास र आश्चर्यकामको बिचमा के समन्ध छ भनेर येशूले औँल्याउनुभएको छ? हेर्नुहोस्: लूका १६:३१, यूहन्ना १०:२५-२८, र यूहन्ना १५:२४। हामीहरूको सन्दर्भमा पनि यो किन सत्य हुनसक्छ?

आफ्नो हृदयमा परमेश्वरलाई आत्मसात् गरेर यरोबामले आफूले बनाएका मन्दिर र वेदीलाई भत्काउन सक्थ्यो र आफ्नो शैलीमा सुधार गर्न सक्थ्यो। तर केवल उसले आफ्नो तरिकालाई मात्र परिवर्तन गर्छ (१ राजा १३:७-१०)। उनले परमेश्वरको मानिसलाई दरबारमा आउन निमन्त्रणा गर्छ र उसलाई उपहार दिन इच्छा व्यक्त गर्छ। आश्चर्य कामद्वारा परमेश्वरको सन्देशलाई मानिसहरूले भुलोस् भनेर यरोबामले राजनैतिक कदम चालेको थियो। उपहारको लोभ देखाएर राजा यरोबामले परमेश्वरको मानिसलाई हातमा लिन खोज्छ ताकि राजाको निम्ति उसले काम गरोस्। यदि राजासँग शक्ति र धन नभएको भए इनाम दिने घोषणा गर्न सक्दैनथ्यो। तर परमेश्वरको मानिस बिक्रीमा थिएन। उसको आफ्नो निष्ठा परमेश्वरमा छ र परमेश्वरबाहेक उहाँको सन्देशलाई कसैले पनि परिवर्तन गर्न सक्दैनन्।

२ राजा ५:१४-१६ र दानियल ५:१३-१७ पढ्नुहोस्। भविष्यवक्ताहरूले इनाम स्विकार गरेका ती पदहरूले कसरी बताउँछन्?

जसले इनाम वा उपहार दिन्छ त्यसले दिने मानिसलाई अधिकार सम्पन्न बनाउँछ। यसको अर्थ इनाम वा उपहार पाउने दिनेको ऋणी हुन्छ। परमेश्वरको जनले राजाको उपहारलाई अश्विकार गर्छन् र त्यत्ति मात्र होइन योराबमको राज्य इस्रायलमा केहि पनि खान्न र

पानी पनि पिउँदिन भनेर ठाडो जवाफ दिन्छन् र राजाकै सम्मुखबाट जान्छु नै नभनी जान्छन्। यरोबामको सत्कारलाई अश्विकार गरेर मूर्ती पुजासँग सत्य परमेश्वरको उपासानालाई सम्झौता गरिन्दैन भनेर परमेश्वरको मानिसले स्पष्ट पारेको पाउँछौं। परमेश्वरका सत्य जनहरू किनबेचको निम्ति होइन। तिनीहरू फरक बाटोमा हिँड्नुपर्छ। यदि चाहेको खण्डमा त्यस परमेश्वरको जन धेरै टाडा हिँड्नु परेको थिएन किनभने बेथेलको बेदीलाई समर्पण गर्ने समारोह केवल २ किलोमिटर मात्र थियो। यो यहूदाको सिमाना नजिकै थियो। यहूदाको अर्को शहर मिजपाह वेथेलबाट १० किलोमिटर अर्थात् ७ माइलको दुरीमा थियो। कुनै खानेकुरा पनि नखाइ केहि पनि नपिइ परमेश्वरको जन परमेश्वरलाई घृणित मूर्तीपूजाबाट तर्केर अर्कै बाटो लागेका थिए।

तपाईंको समाज वा सस्कारमा उपहार लिनुदिनुलाई कुन दृष्टिकोणले हेरिन्छ? तपाईंलाई उपहार दिने व्यक्तिप्रति तपाईं ऋणी भएको महशूस गर्नुभएको छ? तपाईंलाई उपहार दिएर तपाईंलाई किन्न खोज्ने मानिसको चक्रव्युहबाट उम्कन परमेश्वरसँग सहायता माग्नुहोस्।

## ४. फटाहा कुरा गर्ने परिस्थितिको सृजना (१ राजा १३:११-१९)

यरोबामले समर्पण गर्न लागेको बेदीमा भएको अचम्मको कामले साधारण मानिसहरूको बिचमा चर्चा हुनु स्वभाविकै हो। कुनै युवकहरू घरमा जान्छन् र आफ्ना बाबुलाई परमेश्वरको जनको बारेमा कुरा गर्छन्। बाबुको नाउँ खोलिएको छैन। तर उनी उमेर ढल्किसकेका र उनी पनि अगमवक्ता भनेर नै दावी गरेको हामीलाई थाहा छ। यस अगमवक्ता त्यस परमेश्वरको मानिसलाई भेट्न उनी गएको ठाँउतिर लाग्छन् र उनी रूखको मुनी बसिरहेको भेट्टाउँछन्।

१ राजा १३:११-१९ पढ्नुहोस्। उत्पत्ति ३:१-५मा उल्लेखित प्रथम् प्रलोभन अर्थात् गलत काम गर्ने चाहनासँग तुलना गर्नुहोस्। के यी कुराहरू झण्डै एकै देखिन्छन्? यी घट्नाहरूबाट हामीले के सिक्न सक्छौं?

परमेश्वरको अनामिका जनले आफ्नो उद्देष्य कस्तो महत्वपूर्ण थियो भनेर बुझेको हुनुपर्थ्यो। राजालाई सन्देश सुनाएर तुरन्तै केहि

नखाइ फर्कनु भन्ने परमेश्वरको आदेश थियो। तर उनी झट्ट आफ्नो देशमा नगइ इस्रायलमै रूखमनि आराम गरेर बस्छन्। सन्देश दिएर केवल २ किलोमिटर मात्र हिँडेर आफ्नो देशमा फर्कन सक्थ्यो र आफ्नै देशमा आराम गर्न सक्थ्यो। त्यसबखत आफ्नो उद्देष्यको महत्वलाई बिर्सेर आलटाल गरेर इस्रायलकै क्षेत्रमा बसिरहन्छन् यसले गर्दा उनले आफूलाई पापमा फसाउने अवसर दिइरहेको थियो।

वृद्ध अगमवक्ताले परमेश्वरको मानिसलाई धोका दिन्छन्। अगमवक्ता भनेर दावी गर्नेले परमेश्वरको जनलाई किन धोका दिन खोजेको हो सो हामीलाई खोलाइएको छैनन्। जे भएतापनि त्यस मानिसले फटाहा बोलीरहेको भनेर बाइबलले स्पष्ट गर्दछ (१ राजा १३:१३)। त्यस समयमा वृद्ध अगमवक्ता सैतानको हतियार बन्छन्, जो झुट्टो कुरा गर्नेको पिता हुन् (यूहन्ना ८:४४)। अनौठो कुरो त के भने त्यस परमेश्वरका अनामिका अगमवक्ता सजिलैसँग धोकामा पर्छन्। सुरूमा परमेश्वरले उहाँको काम सम्पन्न गर्न उनलाई दोऱ्याउनुभएको थियो भनेर स्पष्ट देखिन्छ। तर जब बुढो अगमवक्ता आउँछन् त उसको चर्तिकलामा उनी पर्छन्, र परमेश्वरले नगर्नु भन्नुभएकै काम उनले गर्दछन्।

यो कुरा बुझ्न गाऱ्हो छ। उसलाई धोका दिएको कारणले परमेश्वरको कुरा नसुनेको हो भनेर हामीले सजिलैसँग उसलाई छोड्छौं होला। तर परमेश्वरले झुट्टा कुरालाई बिश्वास गर्नेलाई दोषमुक्त गर्नुहुन्न। विषेश गरेर परमेश्वरको स्पष्ट निर्देशनलाई पालना नगर्नु त उहाँको अगाडि अपराध नै ठहरिन्छन्।

परिक्षा वा पापमा फसाउने काम भनेको परमेश्वरको इच्छालाई चुन्ने वा नचुन्ने निर्णय हो। यो कुरा हामीलाई स्पष्ट रूपमा देखाइएको छ। परिक्षा वा पापमा फस्ने रूपहरू विभिन्न भएपनि त्यो हामीलाई परमेश्वरबाट टाडा राख्ने प्रक्रिया हो भनेर हामी मान्नुपर्दछ। हामी जस्तै येशू पनि परिक्षा वा प्रलोभनमा पर्नुभएको थियो भनेर हिब्रू ४:१५ले बताउँछ। जुन परिक्षा वा पापमा फसाउने प्रलोभनहरू आज हामीले सामना गर्छौं त्यहि परिक्षा वा प्रलोभनलाई येशूले जित्नु भएको थियो। <u>यदि हामी उहाँमा नै रहिरह्यौं भने परिक्षाबाट भाग्न र सैतानको</u>

धोकाबाट उम्किन येशूले ज्ञानबुद्धी दिनुहुन्छ भन्ने वाचा हामीलाई दिइएकोछ (१ कोरन्थी १०:१३)।

परिक्षा वा प्रलोभनमा परेर परमेश्वरको आज्ञालाई नमान्ने बन्न कत्तिको सजिलो छ? परमेश्वरबाट टाडा राख्ने चक्रव्युहबाट उम्कन र त्यसबाट वच्न तपाईंले कस्ता निर्णयहरू गर्नु पर्दछ?

## ५. जुम्ल्याहा प्रलोभनहरू (२ तिमोथी ४:३)

परमेश्वरको मानिसले दुई प्रलोभनहरूको सामना गर्नुपरेको थियो। पहिलोतः राजा आफैबाट। राजाको लोभलाई उनले अश्विकार गरेको थियो। दोश्रोचाहिँ बुढो वा झट्ट हेर्दा पाको देखिने अगमवक्ता तर उसबाट धोका पाउन परमेश्वरको बेनाम अगमवक्ता सफल भए। देहायका पदहरू पढेर परमेश्वरको बेनाम अगमवक्ताबाट हामीले के पाठ सिक्न सक्छौं? हेर्नुहोस्ः २ तिमोथी ४:३, २ पत्रुस २:१ र यहूदा ४-१६।

हाम्रो बिश्वासमा आँच ल्याउने सबभन्दा मूल तत्वहरू हाम्रै बिचमा रहेका फटाहा भविष्यवक्ता अर्थात् परमेश्वरको मानिस हुँ भनेर दावी गर्ने र छली गुरूहरू नै हुन्। परमेश्वरको बारेमा मिठो मिठो कुरा गरेर येशूभक्तहरूलाई सजिलैसँग धरापमा पार्न यस्ता मानिसहरू सफल भएको हामी पाउँछौं।

परमेश्वरको वचनबाट स्पष्ट वचनहरू थाहा पाउनु जरूरी छ। अर्को अर्थमा भन्ने हो भने हामी आफैले परमेश्वरको वचन बाइबलको अध्ययन गर्नुपर्छ। सत अगमवक्ता वा परमेश्वरका जन र गुरूले कहिलै पनि परमेश्वरको वचनको विपरित जान्दैनन्। जुनसुकै नयाँ भविष्यवाणी वा शिक्षालाई परमेश्वरकै वचनले अनुमोदन गरेको हुन्छ, यसबाट घटाएर वा वढाएर आउँदैन। परमेश्वर अपरिवर्तनशील हुनुहुन्छ। यसले फेरि आज्ञाकारितामा सरिक गराउँछ कहिलैपनि अनाज्ञाकारितामा होइन। आखिरमा कुनै अगमवक्ता वा गुरुहरूका चरित्र थाहा पाउन तिनीहरूको जीवनशैलीबाट तिनीहरू आफै शिक्षादिक्षामा हिंडेको छ कि छैन भनेर हेर्नुपर्छ र तिनीहरूले सिकाएका चेलाहरूका जीवनबाट पनि तिनीहरूको गुरूको चरित्र झल्किन्छ।

१ राजा १३:२०-३४ पढ्नुहोस्। पछि के भयो भनेर ती पदहरूले हामीलाई बताउँछन्? हाम्रो निम्ति त्यसबाट के पाठ सिक्न सक्छौं?

परमेश्वरकै अगमवक्ता भनेर दावी गर्ने बुढो मानिसले किन परमेश्वरको बेनाम मानिससँग फटाहा कुरा गरे सो बुझ्न हामीलाई जटिल छ। तर त्यस बुढो अगमवक्ताले फटाहाहरूका पिता सैतानको भूमिका खेलिरहेको हुन्छ। अनि अध्याय सक्नुभन्दा पहिले आफैले भन्छ, “परमेश्वरले यसो भन्नुभएको छ" (पद २१) भनेर बेनाम अगमवक्तालाई सुनाउँछ। हो, यसमा धेरै कुराहरू बुझ्न सान्हो त छ नै, तैपनि यसबाट महत्वपूर्ण कुरा हामीले सम्झनु पर्दछ। परमेश्वरका मानिसले आफूले स्पष्ट रूपमा पाएको परमेश्वरको वचनमा अडिग हुनुपर्थ्यो। उनी आफै स्पष्ट नितिमा हिँड्नुपर्थ्यो।

जुन दुःखपूर्ण तरिकाले परमेश्वरको जनको मृत्यु भयो (सिंहले उसलाई मारेको थियो) त्यो मर्माहत नै मान्नुपर्छ। यसबारे धेरै मानिसहरूले तर्क वितर्क गरेका छन्। परमेश्वरबाट आएको चेतावनी र आश्चर्यकामबाट पाठ नचेटी यरोबाम आफ्ना पापमा संलघ्न हुँदै गए (१ राजा १३:३३,३४)। तर बुढो अगमवक्तालाई थाहा थियो कि परमेश्वरको मानिसले भनेको भविष्यवाणी पूरा हुनेछ। जब उनी मर्छन् उसका हाडहरू परमेश्वरको मानिसको हाडहरू नजिकै गाडी दिनु भनेर आफ्ना छोराहरूलाई बताउँछन्। भविष्यबाणी अनुसार पछि योशायाले बेदीमा हाडहरू जलाउँछन्। तर परमेश्वरको मानिस र यसकै चिहानमा गाडिएको बुढो अगमवक्ताका हाडहरूचाहिँ जलाउँदैनन् (२ राजा २३:१७,१८)।

यो पद पढ्नुहोस्: “परमेश्वरको वचनलाई नमान्ने परमेश्वरको मानिस हुन्" (१ राजा १३:२६)। के गान्हो कुरा तर हाम्रै लागि यो सन्देश किन महत्वपूर्ण हुनसक्छ?

**उपसंहार:**

“सैतानको छलमाथि विजय प्राप्त गरेर येशूले हामीलाई पनि कसरी त्यस विजय प्राप्त गर्ने भनेर देखाउनुभएको छ। सैतानका सबै

मनमोहक प्रलोभन वा परिक्षाहरू येशूले परमेश्वरको वचनलाई उदृध गरेर सामना गर्नुभयो। परमेश्वरका प्रतिज्ञाहरूमा भर परेर, परमेश्वरका आज्ञाहरू पालन गर्न शक्ति पाउनुभयो, र सैतानले उहाँमाथि फायदा उठाउन सकेन्। येशूलाई तेर्स्याएको हरेक लालसा वा परिक्षालाई उहाँले, 'यसरी लेखिएको छ' भनेर सामना गर्नुभयो। यसरी नै हामीलाई पनि परमेश्वरले सैतानका छलहरूबाट जोगिन् उहाँले प्रतिज्ञाहरू दिनुभएकोछ। परमेश्वरको वचनमा भएका सबै अत्यन्त महान् र महत्वपूर्ण प्रतिज्ञाहरू हाम्रै निम्ति हुन्। यहि वचनहरूबाट नै हामीहरू 'उहाँको स्वभावमा सहभागी हुनसक्छौं। हामी यस संसारमा दुष्टबाट राहत पाउन् भनेर येशूले हाम्रो निम्ति सैतानसँग सामना गर्नुभएको थियो। दुष्ट भनेको पापी अभिलाषामा लाग्नु हो'" २ पत्रुस १:४ रूपान्तरित।

"जो मानिस लालसा वा प्रलोभनमा पर्छ तिनीहरूले परिस्थितिहरूलाई हेर्दैन्। यदि हेऱ्यो भने प्रलोभनको शक्तिले त्यसलाई कमजोर बनाउँछ। बरू ऊ परमेश्वरको वचन बाइबलको शक्तिमा भर पर्नुपर्दछ। परमेश्वरको वचनबाट आउने सबै शक्तिहरू हाम्रै हुन्। भजनको लेखकले भनेका छन्ः 'मैले तपाईंको बिरूद्धमा पाप नगरूँ भनि तपाईंको वचन मेरो हृदयमा लुकाइ राखेको छु।' 'तपाईंको वचनलाई पालन गरेर नै म त्यस्ता मानिसहरू जस्तै हुनबाट जोगिएर बसेको छु जसले अरूलाई हानी गर्दछन्' भजनसङ्ग्रह ११९:११, १७:४।" एलेन जी ह्वाइट, *द मिनिस्त्री अभ हिलिङ्ग,* पृ. १८१बाट रूपान्तरित।

**चिन्तनमननः**

१. सत्यको पछि लाग्नु भनेको सत्यलाई वृद्धी गराउनु हो। जति हामीले परमेश्वरको सत्यलाई बुझ्दै जान्छौं त्यत्ति हाम्रो जीवनशैली, विश्वास र कार्यगतिलाई परिवर्तन गर्दै जान्छौं। यथास्थितिवाद वा जस्तो छ त्यस्तै रहने स्थिति असमान्य हुन्। हाम्रा कामहरू परमेश्वरबाट अभिप्रेरित भएका हुन् वा समाजको प्रभावबाट हुन्, चर्चा गर्नुहोस्।

२. परमेश्वरको बेनाम अगमवक्ताको कथाले हामीलाई पाप गर्न उक्साउने मानिससँग उठबस नगर्नु भनेर सिकाएको पाठको परिप्रेक्ष्यमा येशू आफै पापीहरूसँग घुलमिल गर्नुभएकोलाई तपाईंले के भन्नुहुन्छ? मानिसहरू जहाँ छन् त्यहाँ कसरी पुग्ने? तपाईंकै जीवनमा कतिपय मानिसहरू तपाईंको मित्रताले कसरी प्रभुलाई विश्वास गर्न थाले, यसबारे सोच्नुहोस्। तपाईंको मित्रताले को मानिस पापी काम नगर्न उत्साहित भएको छ त?

३. प्रायजसो सबै समाजमा घुस खाने संस्कारलाई मान्यता भएको हामी पाउँछौं। यो वन्दव्यापारमा होस् वा कानूनी प्रक्रियालाई अघि बढाउनेमा होस्ः राजनैतिक कारोबारको त कुरै छोडौं। यस्तो भ्रष्ट समाजमा हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएर इमान्दारीपूर्वक कसरी बाँच्ने? यसबारे विश्वासीहरू बिच छलफल गर्नुहोस्।

४. मानौं तपाईंको चर्चमा कसैले परमेश्वरबाट सन्देश पाएको छ रे? मानौं तपाईंको चर्चका पदाधिकारीले बाइबल अनुसार अन्तिम समयको निम्ति विशेष नयाँ सन्देश प्राप्त गरेको छ भनेर दावी गर्छन् रे।यी दावीहरूलाई तपाईंले कसरी मूल्याङ्कन गर्ने?